प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

**विद्यार्थीलाई "पास गराइदिन्छु" भनी भ्रम फैलाएको सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मितिः२०८२।११।८ गते)

सीटीईभीटी कोर्समा व्याक र रिटोटलिङ छ भने हामी "पास गराइदिन्छौं" भन्दै सामाजिक सञ्जाल(फेसवुक)का माध्यमबाट Whatsapp नम्वर समेत राखि पोस्ट गरेको जानकारी प्राप्त हुन आएकोले यस प्रकारको पोस्टप्रति कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ। त्यस्तो सञ्जालको लिंक सहित उक्त नम्वर र सो नम्वरको नेटवर्किङमा रहेका व्यक्तिहरुको अनुसन्धान गरि कानून अनुसार कारवाही गरिदिनुहुन नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रिय साईवर व्युरोमा लेखि पठाइएको समेत यसै सुचनाद्धारा सरोकारवाला सबैमा जानकारी गराइन्छ। यस प्रकारका भ्रामक, ठगीपूर्ण तथा अपराधिक कृयाकलापप्रति प्रलोभनमा नपर्न विद्यार्थी, अभिभावक तथा सम्पूर्ण सरोकारवालाहरूलाई यसै सुचनाद्धारा अनुरोध गरिन्छ।

यस सम्बन्धमा देहाय बमोजिम स्पष्ट गरिन्छः

- सीटीईभीटी अन्तर्गतका सम्पूर्ण परीक्षा, मूल्यांकन तथा नतिजा प्रकाशन प्रक्रिया पूर्णतः गोप्य, विधिवत र प्रणालीगत प्रक्रियाबाट सञ्चालन गरिन्छ।
- कुनै पनि व्यक्ति, कर्मचारी वा बाह्य पक्षले व्यक्तिगत रूपमा नतिजा परिवर्तन, अंक थपघट वा उत्तीर्ण गराउने कार्य गर्न सक्दैन।
- यस प्रकारको भ्रम सिर्जना गर्ने, ठगी गर्ने वा साइबर माध्यमबाट गलत सूचना फैलाउने कार्य प्रचलित कानूनअनुसार दण्डनीय अपराध हो।
- यस्ता गतिविधिमा संलग्न व्यक्ति/समूहलाई प्रचलित कानून बमोजिम कडा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ।
- विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूलाई यस्ता प्रलोभनमा नपर्न तथा त्यस्तो प्रस्ताव प्राप्त भएमा प्रमाणसहित तुरुन्तै नेपाल प्रहरी, नेपाल प्रहरी साइबर ब्यूरो वा सम्वन्धित निकायमा उजुरी दिन अनुरोध गरिन्छ।

परीक्षा प्रणालीको स्वच्छता र विश्वसनीयता कायम राख्न सीटीईभीटी परीक्षा नियन्त्रण कार्यालय दृढ प्रतिबद्ध रहेको जानकारी गराइन्छ।

**परीक्षा नियन्त्रक**